छबिस पथिभेरा गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

ब्यासी, बझाङ

प्रदेश नं. ७, नेपाल

मिति : २०७५/०३/०६

## संक्षिप्त सूचीको लागि आवेदन पेश गर्ने वारेको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७५/०३/०७)**

नेपाल सरकार र फिनल्याण्ड सरकार वीच सम्पन्न द्विपक्षिय सम्झौता अनुसार यस गाउँपालिकामा कार्यरत ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना (Rural Village Water Resources Management Project - RVWRMP) को सहयोगमा सञ्चालितहुने जलस्रोत विकास तथा जीविकोपार्जन सम्बन्धी विभिन्न क्रियाकलापहरुमा उपभोक्ता समुदायलाई प्राविधिक तथा सामाजिक परिचालनमा सहजीकरण गर्ने सम्भावित सहयोगी सँस्थाहरुको संक्षिप्त सूचीतयार गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यतापुगेका इच्छुक गैह्रसरकारी सँस्थाहरुवाट आवेदन आव्हान गरिएको छ ।

**शर्तहरु:**

१. आवेदन गर्ने संस्था संस्था दर्ता ऐन २०३४ बमोजिम जिल्ला प्रशासन कार्यालयमा गैह्र नाफा मूलक"गैह्र सरकारी संस्था"को रुपमादर्ता भई नियमानुसार नवीकरण भएको हुनुपर्नेछ र सम्वन्धित कर कार्यालयवाट करछुट प्रमाणपत्र प्राप्त गरेको हुनुपर्नेछ । आवेदन फाराम खरिद गर्दा यी कागजातहरु र आवेदन दस्तूर तिरेको सक्कलभौचर पेश गर्नुपर्नेछ । मूल्य अभिवृद्धि करमादर्ता भएका संस्थाले समेत आवेदनगर्न सक्नेछन् तर गाउँकार्यपालिकाले मू.अ.क वापतकुनै रकम भुक्तानी गर्ने छैन ।

२. आवेदन फारम रु.२०००। (अक्षरेपीदुई हजार मात्र)(पछि फिर्ता नहुने) बुझाई गाउँकार्यपालिका कार्यालय, परियोजनाको प्राविधिक सहयोग इकाई चैनपुर , बझाङर परियोजना सहयोग इकाई डडेल्धुरावाट प्राप्त गर्न सकिनेछ । आवेदन दस्तूर गाउँकार्यपालिकाको खाता नं.(४११०३०४०११८०९ राष्टिय बाणिज्य बैंक, चैनपुर बझाङ) मा दाखिलागर्नु पर्नेछ । आवेदन फाराम गाउँकार्यपालिकाको कार्यालय ब्यासि बझाङ पीरियोजना प्राबिधिक सहयोग इकाइ, चैनपुर बझाङमा बुझाउन सकिनेछ ।

३. आवेदन गर्ने संस्था ग्रामीण क्षेत्रमाजलस्रोत विकास (खानेपानी/सिँचाई/लघु जलविद्युत/सरसफाई) योजनाकार्यान्वयन(Scheme Implementation)वाअन्य सामुदायिक विकास कार्यमा कम्तिमा ५ (पाँच) वर्षको कार्य अनुभवभएको हुनुपर्नेछ ।

४. संक्षिप्त सूचीको लागिप्रतिष्पर्धा गर्न चाहने संस्थाले यो सूचनाप्रथम पटक प्रकाशितभएको मितिले १५ (पन्ध्र) दिन भित्र निर्धारित फाराम भरी आवश्यक कागजपत्र सहित गाउँकार्य पालिकाको कार्यालय ब्यासि बझाङवा परियोजनाको प्राविधिक सहयोग इकाई, चैनपुर बझाङमा पेश गर्नुपर्नेछ । आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट आवेदन बुझाउन सकिनेछ ।

५. संक्षिप्त सूचीको लागि मूल्याङ्कन गर्दा परियोजनाको स्वीकृत निर्देशिका बमोजिम गरिनेछ र निर्धारित योग्यता हासिल गरेका संस्थाहरु मध्येवाट तीनवटा संस्थाहरुलाई प्राप्ताङ्कको योग्यताक्रमको आधारमा संक्षिप्त सूचीमा समावेश गरिनेछ ।

६. संक्षिप्त सूचीमा पर्न सफल सँस्थाहरुको सूची गाउँकार्यपालिका कार्यालयको सूचना पाटी र परियोजना प्राविधिक सहयोग इकाईको सूचना पाटीमा टाँस गरिनेछ ।

७. रित नपुगी आएको वाम्याद नाघी प्राप्तभएको आवेदनउपर कुनै कार्यवाहीहुनेछैन ।

८. कुनै कारण जनाई वानजनाई प्राप्त आवेदनहरु पूरै वा आँशिक रुपमा स्वीकृत गर्ने वानगर्ने सम्पूर्ण अधिकार गाउँपालिका परियोजनाव्यवस्थापन समितिमा रहेको छ ।

९. अन्य कुराहरु ग्रामीण जलस्रोत व्यवस्थापन परियोजनाको परियोजना कार्यान्वयन निर्देशिकामा उल्लेख भएबमोजिम हुनेछ ।

१०. थप जानकारी यस कार्यालयबाट प्राप्त गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकिय अधिकृत